नेपाल सरकार
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय
**केन्द्रीय बालकल्याण समिति**



# *न्याय प्रक्रियामा बालसंवेदनशीलता*
# बालबिज्याँईसम्बन्धी मुद्दाको सुनुवाई

बालबिज्याँईसम्बन्धी मुद्दाको सुनुवाईको प्रक्रियामा बालसंवेदनशीलताका लागि निम्न कुराहरुमा ध्यान दिनु उपयुक्त हुनेछ :

- बालबालिकालाई बालमैत्री कोठामा राख्ने,
- बालकको कानून व्यवसायी नभएमा निजको तर्फबाट प्रतिनिधित्वको लागि वैतनिक कानून व्यवसायी नियुक्त गरिदिने र त्यस्तो सूचना पनि निज कानून व्यवसायीलाई बुझाउने ।
- कुनै बालकको तर्फबाट वैतनिक कानून व्यवसायी नियुक्त गरिदिएकोमा सोको जानकारी सम्बन्धित बालक र निजको बाबु आमा वा संरक्षकलाई लिखित रुपमा गराउने ।
- बालकको बाबु आमा वा संरक्षक आफै अदालतमा उपस्थित भई त्यस्तो सूचना बुझ्न चाहेमा बुझाई दिने ।
- बालमनोवैज्ञानिक र समाजसेवीलाई जानकारी गराई निजहरुको उपस्थितिको सुनिश्चितता गर्ने ।

बालबालिकासँग बयान लिदा देहायका कुराहरुमा ध्यान पुऱ्याउनु उपयुक्त हुनेछ :

- प्रतिवादी बालबालिकाको बयान बाल इजलासमा गराउनु पर्छ ।
- बालकसम्बन्धी मुद्दाको बयान कार्य गराउदा बन्द इजलासमा गराउनु पर्छ ।
- बाल इजलासमा जिल्ला न्यायाधीशका अतिरिक्त यथाशक्य बालमनोविज्ञानवेत्ता र समाजसेवी पनि रहनु पर्छ ।
- बाल इजलास कायम गर्दा सामान्यतया न्यायाधीशले औपचारिक पोशाक नलगाई अनौपचारिक रुपमा इजलास सञ्चालन गर्दा राम्रो हुन्छ ।
- प्रतिवादी बालबालिकासँग सोधपुछ गर्दा बालमैत्री वातावरणमा सोधपुछ गर्नु पर्छ ।
- बालमैत्री वातावरण कायम गर्न:
  - यथाशक्य आरोपित बालबालिकाका अभिभावकको उपस्थिति हुने वातावरण कायम गर्ने ।
  - सुरक्षा संवेदनशीलताको अवस्थामा बाहेक सोधपुछ कक्षमा प्रहरीको उपस्थितिलाई निरुत्साहित गर्ने ।
  - बालबालिकासँग सोधपुछ गर्नु पर्दा यथाशक्य बाल न्यायसम्बन्धी प्रशिक्षण लिएका महिला कर्मचारी भए निज वा त्यस्तो प्रशिक्षण लिएका अन्य कर्मचारीबाट लिन लगाउन राम्रो हुन्छ ।
  - बालबालिकासँग सोधपुछ गर्नु पर्दा बालमनोवैज्ञानिक वा बालबालिकासँग सहज रुपमा सम्वाद गर्न सक्ने अन्य व्यक्तिलाई पनि बाल इजलासले तोक्ने ।
  - बालबालिकासँग सोधपुछ गर्दा निजले बुझ्ने भाषामा सरल रुपमा गर्नु पर्छ ।
  - नेपाली भाषा बुझ्न नसक्ने बालबालिका भए दोभाषेको सुविधा उपलब्ध गराउनु पर्दछ ।
  - बालबालिकासँग सोधपुछ गर्दा यथाशक्य निजका बाबुआमा, संरक्षक वा कानून व्यवसायीलाई रोहवरमा राख्नु राम्रो हुन्छ ।
- बालबालिकासंग बयान लिदा एकै पटक १ घण्टाभन्दा लामो समयसम्म र रातको सममा सोधपुछ गर्नु हुँदैन ।
- बयान लिदा बेमनासिवसँग ठट्टा गर्न हुँदैन ।
- कुनै प्रतिवादी बालबालिकाले निजको तर्फबाट प्रतिनिधित्वका लागि कानून व्यवसायी राखेको रहेनछ भने पेशी तारिख लिंदा कै दिनमा वा सोसम्बन्धी जानकारी गराउँदा कै बखत कानून व्यवसायीसमेत लिई आउन जानकारी गराउनु पर्दछ ।
- कुनै बालबालिकाले पेशीको दिन कानून व्यवसायी उपस्थित गराउन नसकेमा अदालतले सो दिनको सुनुवाई स्थगित गर्नु पर्दछ ।
- कुनै बालबालिकाले आफै कानून व्यवसायी राख्न नसकेको कारण उपस्थित गराउन नसकेको देखिए त्यस्तो बालबालिकाका तर्फबाट प्रतिनिधित्व गर्न अदालतले नै वैतनिक कानून व्यवसायी नियुक्त गरिदिने व्यवस्था गर्नु पर्दछ ।
- मुद्दाको सुनुवाई बन्द इजलासमा गर्ने व्यवस्था गर्नु पर्दछ ।

- मुद्दासँग सम्बन्धित घटनाको विवरण पत्रपत्रिकामा प्रकाशन नहुने स्थिति कायम गर्ने व्यवस्था गर्नु पर्दछ।
- मुद्दाको सुनुवाइको सिलसिलामा बालबालिकाको नाम बोलाउनु पर्दा परिवर्तित नामबाट बोलाउनु पर्दछ।
- दैनिक पेशी सूचीमा चढेको मुद्दा कुनै कारणले पनि सूचीबाट नहटाउनु पर्दछ।
- फैसला गर्दा विचार गर्नुपर्ने अन्य कुराहरुः
  - कुनै कसूरको आरोप लागेको कुनै बालबालिका दश वर्ष मुनिको रहेछ र निजले सो आरोप बमोजिमको कसूर गरेको देखिन आयो भने पनि निजलाई कुनै प्रकारको सजाय हुने गरी फैसला गर्न हुँदैन।
  - कुनै कसूरको आरोप लागेको बालबालिकाको उमेर दश वर्ष वा सोभन्दा माथि र चौध वर्षभन्दा कम रहेछ र निजले आरोपबमोजिमको कसूर गरेको देखिन आयो भने -
    - जरिवाना हुने कसूरको आरोपमा हो भने हप्काइ सम्झाइ बुझाइ गर्ने गरी फैसला गर्नु पर्छ।
    - कैद हुने कसूरको आरोपमा हो भने कसूर हेरी बढीमा ६ महिनासम्म मात्र कैद हुने गरी फैसला गर्नु पर्छ।
  - कुनै कसूरको आरोप लागेको बालबालिकाको उमेर चौध वर्ष वा सोभन्दा माथि र सोह्र वर्षभन्दा कम रहेछ र निजले सो आरोपबमोजिमको कसूर गरेको देखिन आयो भने सोही कसूर उमेर पुगेका व्यक्तिले गर्दा हुने सजायको आधा सजाय हुने गरी फैसला गर्नु पर्छ।
  - अरु कसैले बालबालिकालाई सिकाई बालबालिकाबाट कुनै कसूर गराएको रहेछ भने सो सिकाउनेलाई निज आफैले अपराध गरेसरह कानूनबमोजिम पूरा सजाय हुने गरी फैसला गर्नु पर्छ।
  - कुनै बालबालिकालाई लगाइएको आरोपको प्रकृतिबाट त्यस्तो कसूर पटकको आधारमा सजाय निर्धारण हुने किसिमको रहेछ र निजलाई आरोप लगाइएबमोजिमको कसूर एक पटकभन्दा बढी गरेको देखिन्छ भने पनि पटकको आधारमा निजलाई थप सजाय हुने गरी फैसला गर्न हुँदैन।
  - कुनै वयस्क व्यक्तिलाई नै पटक कायम हुने कुनै कसूरमा पटक खापी सजाय गर्नु पर्दा पनि बाल्यअवस्थामा गरेको कसूरको पटक खापी सजाय हुनेगरी फैसला गर्न हुँदैन।
  - कुनै बालबालिकालाई एकान्त कारावासमा राख्ने गरी फैसला गर्न हुँदैन।
  - कुनै कसूर गरे बापत कैदको सजाय पाउने गरी फैसला गर्नु पर्ने अवस्थामा पनि उमेर पुगेका कैदीको साथमा राख्ने गरी फैसला गर्न हुँदैन।
  - सामान्यतया बालबलिकालाई कुनै कसूरमा सजाय हुने गरी फैसला गर्नु पर्दा कठोर सजाय हुने गरी फैसला गर्न हुँदैन।
  - कुनै कसूर गरे बापत कुनै बालबालिकालाई कैदको सजाय हुने गरी फैसला गर्नु पर्दा पनि त्यस्तो बालबालिकालाई कारागारमा राख्ने गरी फैसला नगरी लागेको कैद अवधि बाल सुधार गृहमा बसी बिताउने गरी फैसला गर्नु पर्छ।
  - आरोपित कसूर गरेको ठहरी कैदको सजाय हुने गरी फैसला भएको अवस्थामा पनि सम्बन्धित बालबालिकाको शारीरिक अवस्था, उमेर, कसूर गर्दाको परिस्थिति, कसूर गरेको पटक आदि विचार गर्दा निजलाई लागेको सजाय स्थगन गर्न मनासिव देखिएमा तोकिएको सजाय तत्काल भोग्न नपर्ने गरी स्थगित राख्ने गरी फैसला गर्न पनि सकिन्छ।
  - माथि उल्लेख गरिएअनुसार सजाय स्थगन गरिएकोमा सोही बालबालिकाले त्यसको एक वर्ष भित्र त्यही वा अन्य कुनै कसूर गरे वापत दोषी ठहरिई कैदको सजाय हुने भएमा पहिलेको कैद अवधिसमेत खापी एकै पटक दुवै कैदको सजाय कार्यान्वित गर्ने गरी फैसला गर्न सकिनेछ।
  - कैदको सजाय हुने गरी फैसला भएकोमा न्यायाधीशलाई उचित लागेमा तोकिएको सजायको अवधि बाल सुधार गृहमा पनि बस्न नपर्ने गरी कुनै व्यक्ति वा संस्थाको संरक्षणमा रही व्यतित गर्नु पर्ने गरी फैसला गर्न पनि सकिन्छ।
  - बालबालिकासम्बन्धी मुद्दाको फैसला गर्दा मुद्दा दायर भएको बढीमा १२० दिनभित्र गर्नु पर्छ।
- कैद लागेको कुनै बालबालिकालाई कुनै संस्था वा व्यक्तिको जिम्मामा दिइने अवस्थामा सम्बन्धित व्यक्ति वा संस्थालाई बालबालिकासम्बन्धी मुद्दासँग सम्बन्धित घटनाको विवरण न्यायाधीशको अनुमती बेगर कुनै पत्रपत्रिकामा प्रकाशन गर्न नपाइने कुरासमेत लेखी पठाउनु पर्छ।
- कुनै बालबालिकाका सम्बन्धमा निजलाई लागेको कैद सजाय स्थगन हुने फैसला भएकोमा सोको प्रकृति र परिणामसमेत सम्बन्धित बालबालिका एवं निजका अभिभावकलाई समेत सम्झाईबुझाई मुक्त गरिदिनु पर्छ।
- कुनै बालबालिकालाई बाल सुधार गृहमा पठाउने गरी फैसला भएको भए यथाशक्य चाँडो सम्बन्धित बाल सुधार गृहमा पठाउने व्यवस्था गर्नु पर्छ।